# बुढीगङ्गा नगरपालिका निर्वाचन-२०७९ पर्यवेक्षण प्रतिवेदन

स्थानीय तह निर्वाचन २०७९ अन्तर्गत देशका सबै जिल्लामा मतदान सम्पन्न भएर नतिजा आइसकेको छ । सबैजसो स्थानीय तहमा निर्वाचित जनप्रतिनिधिले कार्यभार ग्रहण गरी बजेट समेत ल्याइसकिएको छ । वैशाख ३० गते मतदान सम्पन्न भएपनि मतगणना नभइ स्थगित गरिएको बाजुराको बुढीगङ्गा नगरपालिकामा २०७९ असार २३ गते पुनः मतदान सम्पन्न गरिएको छ ।

वैशाख ३० गतेको निर्वाचनमा कांग्रेस प्रभावशाली रहेको वडा नं ४ र ७ मा कांग्रेस कार्यकर्ताले बुथ कब्जा गरेको आरोप थियो । वडा नम्बर २, ३, ५ र ९ मा एमालेका कार्यकर्ताले आफ्नो नियन्त्रणमा लिएर मतदान गरेको आरोप थियो । नगरपालिकाका २, ३, ४, ५, ७ र ९ नं वडाका मतदानस्थलमा झडप, उम्मेदवारमाथि कुटपिट र मतदाता लखेटिने घटना मतदानकै समयमा भएपनि गम्भीरतापूर्वक लिइएन । नेपाली कांग्रेसले नियन्त्रणमा लिएर मतदान गरेको आरोप लागेको वडा नं ४ को थुमा मावि मतदानस्थलमा १ हजार ७ सय ९ मतदाता छन् । त्यसमध्ये १ हजार ६ सय ९९ मत खसाइएको थियो । थुमा मतदान केन्द्रमा जस्तै एमालेले नियन्त्रणमा लिएको भनिएको वडा नं ९ को त्रिशक्ति मावि मतदान केन्द्रमा १ हजार ४ सय ८३ मतदाता सङ्ख्या छ । वैशाख ३० को निर्वाचनमा १ हजार ३ सय ४७ मत खसेको थियो । यहाँ ९० दशमलव ८२ प्रतिशत खसालिएको थियो ।

| क्रसं | वडा नं | मतदानस्थल | मतदाता सङ्ख्या | खसेको मत |
|---|---|---|---|---|
| १ | १ | धुराल्सैन मावि, डुँग्री 'क' | ६४४ | ४०२ |
| २ | १ | धुराल्सैन मावि, डुँग्री 'ख' | ६८२ | ४२९ |
| ३ | २ | उपस्वास्थ्यचौकी ब्रह्मातोला 'क' | ७०० | ५७३ |
| ४ | २ | उपस्वास्थ्यचौकी ब्रह्मातोला 'ख' | ७४३ | ५४६ |
| ५ | ३ | साविक गाविस भवन 'क' | ६४४ | ३७६ |
| ६ | ३ | साविक गाविस भवन 'ख' | ६७६ | ३९१ |
| ७ | ४ | थुमा मावि 'क' | ८४० | ५८१ |
| ८ | ४ | थुमा मावि 'ख' | ८६९ | ६२९ |
| ९ | ५ | भानुदय मावि, नौविस 'क' | ५६० | ४०६ |
| १० | ५ | भानुदय मावि, नौविस 'ख' | ५८२ | ४१२ |
| ११ | ६ | तल्लो सारेदेउ हुलाक कार्यालय 'क' | ५३२ | ३७९ |
| १२ | ६ | तल्लो सारेदेउ हुलाक कार्यालय 'ख' | ५६० | ४११ |
| १३ | ७ | शारदा मावि, वडेलीचौर 'क' | ६४४ | ४३६ |
| १४ | ७ | शारदा मावि, वडेलीचौर 'ख' | ६६३ | ४४५ |
| १५ | ८ | गिरीखेल्ने आवि, गिरीखेल्ने | १०५९ | ७०० |
| १६ | ९ | त्रिशक्ति मावि, तल्ला 'क' | ७२८ | ४५९ |
| १७ | ९ | त्रिशक्ति मावि, तल्ला 'ख' | ७५५ | ४४४ |
| १८ | १० | सिंगडा मावि, सिंगडा 'क' | ८६८ | ५६२ |
| १९ | १० | सिंगडा मावि, सिंगडा 'ख' | ९१० | ५४७ |
| **२०** | **जम्मा** | | **१३,६५९** | **९,१२८** |

दुई ठूला दलका आरोप प्रत्यारोप र बुथ कब्जाका कारण विवादित बनेको बुढीगङ्गामा पुनः निर्वाचन गर्ने निर्वाचन आयोगको निर्णय अनुसार २०७९ असार २३ गते पुनः निर्वाचन सम्पन्न भएको हो । असार २३ गते भएको निर्वाचनमा इन्सेकका चार जना पर्यवेक्षकले निर्वाचन आयोगबाट पर्यवेक्षण अनुमति प्राप्त गरी मतदानस्थलको अनुगमन गरेका छन् । आजको निर्वाचन सामान्य वादविवाद बाहेक शान्तिपूर्ण रूपमा सम्पन्न भएको छ । आज भएको मतदानमा ६६.८३ प्रतिशत मत खसेको छ । कूल १३,६५९ मतदातामा ९,१२८ मत खसेको हो ।

## आजको निर्वाचनमा जे देखियो

- सुरक्षा व्यवस्था निकै कडा पारेको पाइयो ।
- बुढीगङ्गा नगरपालिका-९ स्थित त्रिशक्ति मावि मतदानस्थालमा समान्य विवाद हुँदा नौ राउण्ड हवाइ फायर गरी अवस्थालाई सामान्यीकरण गरेको पाइयो ।
- त्रिशक्ति मावि मतदान केन्द्रमा नेकपा एमाले र गठबन्धनका उम्मेदवारबिच दोहोरो झडप हुँदा ३५ मिनेट मतदान रोकिएको थियो ।
- दोहोरो झडपमा गठबन्धनका उम्मेदवार भरत थापा र मतदाता सीता थापालाई सामान्य चोट लागेको पाइयो ।
- चोट लागेका दुवै जनालाई स्थानीय मतदान केन्द्रमा रहेका स्वाथ्यकर्मीको टोलीले सामान्य उचार गरेको पाइयो ।
- मतदान केन्द्रहरू अपाङ्गतामैत्री नभएको पाइयो ।
- मतदाता शिक्षाको अभावमा मतदान कार्य गर्न सहज नभएको मतदाताहरूको प्रतिक्रिया पाएका कारण मतदाता शिक्षामा निर्वाचन आयोगले विशेष ध्यान दिनुपर्ने देखियो ।
- मतदानस्थलमा स्वास्थ्यकर्मीहरूको टोली परिचालन गरेको पाइयो ।
- नगरपालिकाको चारैतिरका नाकाहरू मध्यरातबाट सील गर्दा आज बिहान नाकामा आइपुगेका मतदाता प्रवेश गर्न असहज भएको पाइयो ।

| बुढीगङ्गा नगरपालिका निर्वाचन, २०७९, पर्यवेक्षक | | |
|---|---|---|
| पदमबहादुर सिंह | बुढीगङ्गा नगरपालिका १० | ९८५८४९०२३४ |
| लक्ष्मीराज पाध्याय | बुढीगङ्गा नगरपालिका ६ | ९८४८५२३७४३ |
| प्रकाशबहादुर सिंह | बुढीगङ्गा नगरपालिका ७ | ९८४८५१३१३४ |
| मदन बिक | बुढीगङ्गा नगरपालिका ३ | ९८४८५२३५४० |

## निष्कर्ष

निर्वाचनलाई भयरहित र निष्पक्ष बनाउनु सरकार र सरोकारवालाको कर्तव्य हो । निर्वाचनलाई मर्यादित बनाउन मतदाता सचेत र सक्रिय हुनु जरूरी छ । एउटा स्थानीय तहमा मात्रै मतदानको कार्यक्रम हुँदा मुलुकको ध्यान बुढीगङ्गामा मात्रै केन्द्रीत छ। निर्वाचन स्वच्छ, निष्पक्ष र भयरहित हुन सक्यो भने मात्रै निर्वाचनको महत्व बढ्छ। एकपटक निर्वाचनको निश्पक्षतामाथि प्रश्न उठिसकेपछि अर्कोपटक त्यस्तै खालका घटना नदोहोरिउन् भन्नेतर्फ सरोकारवालाको ध्यान केन्द्रीत भएको पाइयो ।

यसै वर्ष हुने प्रदेश र सङ्घीय संसद्को निर्वाचन सम्पन्न गर्नुपर्ने दायित्व बोकेको निर्वाचन आयोगले यो र यसअघि सम्पन्न निर्वाचनबाट पाठ सिकेर कार्ययोजना बनाउनु बुद्धिमानी मानिनेछ । सरोकारवालाबाट भएका कमजोरीलाई आत्मसात गरी सच्याउने र आगामी दिनमा कमजोरी रहित निर्वाचन गर्ने वातावरण बनाउनु सरकार र सरोकारवालाको दायित्व हो । निर्वाचनलाई डिजिटल प्रविधिसँग जोड्ने गरी अहिलेबाट नै तयारी गर्न सके निर्वाचनमा हुने अनियमितताको पनि नियन्त्रण हुन्छ भने नतिजा पनि यथा समयमा आउँछ ।

इन्सेक
insec
मानव अधिकार र सामाजिक न्यायका निम्ति
**अनौपचारिक क्षेत्र सेवा केन्द्र (इन्सेक)**
नागार्जुन नपा-१०, स्यूचाटार, पत्रमञ्जुषा: २७२६, काठमाडौं
फोन: ५२१८७७०, फ्याक्स: ५२१८२५१
इमेल: insec@insec.org.np, वेबसाइट: www.insec.org.np, www.inseconline.org